नेपाल रेडक्रस सोसाइटी

# रसुवा भोटेकोशी त्रिशुली बाढी प्रतिकार्यका लागि गरिएको कार्यहरूको प्रेस विज्ञप्ति

रसुवा भोटेकोशी, त्रिशुलीमा २०८३ भदौ १० गते आएको बाढीका कारण प्रभावित क्षेत्रमा नेपाल रेडक्रस सोसाइटीको आपत्कालीन प्रतिकार्य टोली सक्रिय भएर प्रभावित क्षेत्रमा तत्काल खोज तथा उद्धार र राहत सहयोगका लागि निम्नअनुसारको प्रतिकार्य गरिरहेको छ :

१) नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष डा.विशालकुमार भण्डारीको अध्यक्षता र रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ (आइएफआरसी) का प्रतिनिधिहरूको उपस्थितिमा बसेको आपत्कालीन प्रतिकार्य बैठकले तत्काल खोज, उद्धार, राहत र अन्य आवश्यक सहयोगका लागि स्वयंसेवक परिचालन गर्ने निर्णय गरेको ।

२) तत्काल राहतका लागि २०० ब्लाङ्केट, २०० त्रिपाल, २०० डोरी, २०० इभा म्याट्रेस, ५० प्राथमिक उपचार किट, १०० डिग्निटी किट , ५० सेट आपत्कालीन शौचालय सेट, ५० थान डेडबडी ब्याग जस्ता राहत तथा स्वास्थ्य सामग्री पठाइएको । त्यस्तै नुवाकोटलाई २ लाख, रसुवालाई १ लाख प्रतिकार्यका गतिविधि सञ्चालनमा सहयोगका लागि पठाइएको ।

३) नुवाकोटमा जिल्ला र उपशाखाले ३० जना स्वयंसेवक परिचालन गरी खानेपानी वितरण र खोज उद्धार गरेको ।

४) नेपाल रेडक्रस सोसाइटीका अध्यक्षको नेतृत्वमा राष्ट्रिय विपद् प्रतिकार्य टोली नुवाकोट जिल्लामा परिचालन भएको । तत्काल नुवाकोट जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी प्रतिकार्य प्रारम्भ गरिसकेको ।

५) आइएफआरसी नेटवर्क (IFRC Network ), गो प्लेटफर्म (Go Platform) अपडेट र आपत्कालीन सहयोगका लागि ड्रेफ (DREF) तयार गर्ने कार्य भइरहेको ।

६) नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चारमा रगतको स्टक हालको सम्भावित मागलाई धान्न सक्ने गरी १९०६ पिन्ट मौजुदा रहेको । आवश्यक भएमा आपत्कालीन रक्तदानका लागि आह्वान गर्न तयारी अवस्थामा रहेको ।

७) वेपत्ता भएका व्यक्तिहरूको खोजी कार्यका लागि पारिवारिक पुनर्स्थापना सेवा सक्रिय बनाइएको ।

८) नेपाल रेडक्रस सोसाइटीले निरन्तर रुपमा प्रधानमन्त्री कार्यालय, गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्वास्थ्य मन्त्रालय, आपत्कालीन स्वास्थ्य कार्यसञ्चालन केन्द्रलगायत आइएफआरसी र विभिन्न राष्ट्रिय साझेदार सोसाइटीहरूसँग समन्वयमा प्रतिकार्यलाई अगाडि बढाइएको ।

प्रारम्भिक अनुमानका आधारमा खोज तथा उद्धार र आपत्कालीन राहत सहायता, खाना, सुरक्षित स्थानान्तरण, अस्थायी बासस्थान, आपत्कालीन स्वच्छता तथा सरसफाई, भौतिक क्षतिको लेखाजोखा, प्राथमिक उपचार टोली परिचालन र आपत्कालीन स्वास्थ्य जस्ता आवश्यकताहरु प्रमुख रुपमा देखिएका छन् ।

मिति: २०८३।०५।१०